



सम–सामयिक

6 shares

बाढीले पक्की पुल बगेपछितुइन धमाधम तुइन निर्माण गरिँदै

लोकान्तर संवाददाता | भदौ १६, २०८३ | नुवाकोट







Global IME Bank
ग्लोबल आइएमई बैंक लि
सबैका लागि बैंक

नुवाकोटको सदरमुकाम विदुरसँग सम्पर्क कायम गर्ने उद्देश्यका साथ धमाधम तुइन निर्माण शुरू गरिएको छ ।





ट्रेन्डिङ समाचार | ताजा खबर



१३ वर्षमा सबै गुमाएका गौरवको मुटु हल्लाउने कथा– कुनाकाप्चा खोज्छन्, बुवा नभेटेपछि भक्कानिन्छन् !



१८० किलोमिटरको रफ्तारमा आएको थियो बाढी, नेपालतर्फकै हिमपहिरो प्रमुख कारण



सरकारलाई 'फोकटको सल्लाह' दिने सचिवलाई रसुवामा शव व्यवस्थापनको जिम्मा



भोटेकोशी ! तिमी किन यसरी आयौ ?



भोटेकोशीको भेलमा बिलाए लुम्बिनीका ३ राष्ट्रसेवक

सबै






बाढी प्रभावित क्षेत्रको खोज तथा उद्धार, शव व्यवस्थापन र राहत वितरणमा समस्या भएकाले तत्काल आवागमन सहज बनाउन तुइन निर्माण थालिएको विदुरका नगरप्रमुख राजन श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार अस्पतालका लागि औषधि तथा अन्य आवश्यक सामग्री ल्याउन विदुर–१ इन्द्रायणी चौरदेखि विदुर–१ गुम्बा जोडने तुइन निर्माण भइरहेको छ । करिब ३०० मिटर लामो उक्त तुइन निर्माण अन्तिम चरणमा पुगेकाले मङ्गलबारदेखि सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

यस्तै, बाढीले देवीघाटको पक्की पुल बगाएपछि विदुरसँग बेलकोटगढी नगरपालिकाको सम्पर्क स्थापित गर्न पनि तुइन निर्माण शुरू गरिने भएको छ । उक्त स्थानमा मङ्गलबार बिहानदेखि काम शुरू गरी छिट्टै सञ्चालनमा ल्याउने लक्ष्य राखिएको पूर्वाधार विकास कार्यालय नुवाकोटका प्रमुख सुजन थापाले जानकारी दिए ।

उनका अनुसार त्रिशूली नदीमा आएको बाढीले नुवाकोट र रसुवाका १८ वटा पक्की पुलमा क्षति पुऱ्याएको छ । केही बस्तीमा घुमाउरो बाटोबाट जान सकिने भए पनि नुवाकोटको किस्पाङ तथा रसुवाको ठूलोगाउँ, डाँडागाउँलगायत त्रिशूलीपारिका बस्तीमा सडकबाट पुग्न नसकिने भएकाले तुइन निर्माण गरी आवागमन सहज बनाइन लागिएको हो ।




नेपाली सेना, स्थानीय पूर्वाधार विकास कार्यालय र विदुर नगरपालिकाको प्राविधिक सहयोगमा विदुरबाट त्रिशूली नदी पार गर्न पाँच स्थानमा तुइन निर्माण गर्ने तयारी गरिएको छ ।

एक स्थानमा तुइन निर्माण गर्न करिब रु १५ लाख खर्च हुने प्रारम्भिक अनुमान गरिएको छ । यस्तै, बेलिब्रिज निर्माणका लागि नेपाली सेनाले प्राविधिक अध्ययन अघि बढाएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाह र पूर्वाधार विकासमन्त्री सुनील लम्सालले केही दिनअघि बाढी प्रभावित क्षेत्रको अवलोकन गर्दै त्रिशूली नदी वारपारका लागि उपयुक्त स्थानमा तत्काल बेलिब्रिज निर्माणको प्रक्रिया अघि बढाउन निर्देशन दिएका थिए ।

त्यसपछि नेपाली सेनाको प्राविधिक टोलीले बाढीबाट क्षतिग्रस्त ढुङ्गेबगर, त्रिशूली बजार, देवीघाट र बेत्रावतीमा पुल निर्माणका लागि अध्ययन थालेको हो ।



Ncell Foundation
यस विपदको घडीमा हामी प्रभावित परिवार र समुदायसँगै छौं ।
समाजको माझ, सधैं सँगै



बाढीमा बगेर बचेका कुमाल भन्छन्- आँपको रूख नभएको भए म बाच्दैन थिएँ

लोकान्तर संवाददाता | भदौ १२, २०८३



सरकारलाई 'फोकटको सल्लाह' दिने सचिवलाई रसुवामा शव व्यवस्थापनको जिम्मा

लोकान्तर संवाददाता | भदौ १४, २०८३



काठमाडौंमा नयाँ खालको आतंक: 'म्याजिक टिचर' बनेर सुन थुत्न कान च्यात्ने गिरोह पक्राउ

सुवास गोतामे | भदौ ९, २०८३

रसुवा बाढी : बीओपी टिमुरेका सशस्त्र प्रहरी निरीक्षकसहित ९ जना सम्पर्कविहीन

लोकान्तर संवाददाता | भदौ १०, २०८३

लोकान्तर

जहाँ प्रमाण बोल्छ

लोकान्तर डट्कममा प्रकाशित सामग्री विना अनुमति साभार गर्न पाइने छैन अनधिकृत रूपमा सामग्री प्रयोग गरेको पाइएमा प्रचलित कानूनबमोजिम कारवाही हुनेछ । लोकान्तर राससको नियमित ग्राहक हो ।

सम्पर्क

www.lokaantar.com

लोकान्तर सञ्चार प्रा.लि., कुपण्डोल रोड, ललितपुर

९७७-०१-५०१०६०१, ५०१०५३९, ५०१०६२०

lokaantarnews@gmail.com

विज्ञापनका लागि सम्पर्क:
विष्णुराम घिमिरे (9851074887)

सूचना विभाग दर्ता
नं.:१९६/२०७३-०७४

सम्पादक

विमल गौतम

Social

Copyright © 2023 | All rights reserved.

Powered by snowberry PRIXA

Ncell Foundation

यस विपदको घडीमा हामी प्रभावित परिवार र समुदायसँगै छौं ।

समाजको माझ, सधैं सँगै